हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल फागुन २७ गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर,सर्लाही
मधेश प्रदेश,नेपाल
२०७३

मिति २०८२/११/२७

**मिति २०८२/११/२७ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. उपभोक्ता समितिको म्याद थप सम्वन्धमा ।
३. गत आ.व. योजना तथा कार्यक्रमको जिम्मेवारी सार्नेको म्याद थप सम्वन्धमा ।
४. वडा नं. ६ को छठपर्वको भुक्तानी सम्वन्धमा ।
५. वडा नं. ३ को रविओल्ल पर्वको रकम भुक्तानी सम्वन्धमा ।
६. नवलपुर सर्पदंश उपचार केन्द्र, लालबन्दी-१, नवलपुर, सर्लाहीको अनुदान रकम भुक्तानी सम्वन्धमा ।
७. वडा नं. ५ को पोल स्थानानतरणको रकम विनियोजन गर्ने सम्वन्धमा ।
८. वडा नं. ७ को नालामा ढकन निर्माणको रकम भुक्तानी सम्वन्धमा ।
९. वडा नं. ७ मा लक्ष्मीनाथ ट्रेनिंग सेन्टर र वडा कार्यालयको परिसरमा माटो व्यवस्थापन सम्वन्धमा ।
१०. सि.सि. क्यामरा जडानको रकम भुक्तानी सम्वन्धमा ।
११. चिकित्सकको सेवा सुविधा वृद्धि गर्ने सम्वन्धमा ।
१२. रिक्त अ.न.मी. पदमा करार सेवामा भर्ना गर्ने सम्वन्धमा ।
१३. आर्थिक सहयोग सम्वन्धमा ।
१४. लामखुट्टे मार्ने औषधी छर्ने सम्वन्धमा ।
१५. ऐलानी जग्गा विद्यालयलाई उपभोगको लागि दिने सम्वन्धमा ।
१६. रकम व्यवस्थापन सम्वन्धमा ।
१७. सामाजिक सुरक्षा नीति सम्वन्धमा ।
१८. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्वन्धमा ।
१९. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८२।०८३ मा पन्ध्रौं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रम संचालन गर्नको लागि नगरस्तरीय र वडास्तरीय योजनाहरुलाई कार्यान्वयन गर्नको लागि मिति २०८२ फागुन मसान्त सम्म उपभोक्ता समिति गठन गर्नलाई म्याद रहेको हुँदा मिति २०८३ वैशाख मसान्त सम्मको लाग उपभोक्ता समिति गठनको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा गत आ.व. २०८१।०८२ मा सम्झौता भई संचालनमा रहेको र कार्य सम्पन्न भईसकेको र भुक्तानी लिन बाँकी रहेको योजनाहरु चालु आ.व. मा योजना तथा कार्यक्रम र भुक्तानी दायित्व सार्ने निर्णय भएको हुँदा साथै सो योजना तथा कार्यक्रम र भुक्तानी दायित्व सार्ने योजनाहरुको म्याद मिति २०८२ पुस मसान्त सम्म रहेकोले उक्त योजना तथा कार्यक्रम र भुक्तानी दायित्व सार्नेको म्याद मिति २०८३ वैशाख मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

*मिति २०८२।११।२७*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ६ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. ८२९, मिति २०८२।११।०१ गतेको प्राप्त पत्रानुसार छठपर्वको कार्य सम्पन्न भएको हुँदा ६ नं. वडाको वडास्तरीय योजना रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट लागत अनुमान तथा मूल्याँकन र विल भर्पाई बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ३ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. ८३६, मिति २०८२।१०।०८ गतेको प्राप्त पत्रानुसार बारबी रविओल्ल पर्वको कार्य सम्पन्न भएको हुँदा ३ नं. वडाको वडास्तरीय योजना रकम रु. १२५०००।०० विनियोजन भएको रकमबाट लागत अनुमान तथा मूल्याँकन र विल भर्पाई बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिकाको १५ औं नगरसभाको चालु आ.व. २०८२।०८३ को चालुगत खर्चको पेज नं. ५६ को सि.नं. १६६ को खर्च शिर्षक नं. २७३१५ मा नवलपुर सर्पदंश उपचार केन्द्रलाई सहयोग, रकम रु. २०००००।०० विनियोजन भएको रकमबाट नवलपुर सर्पदंश उपचार केन्द्र, लालवन्दी नगरपालिका-१, नवलपुर, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. ६७, मिति २०८२।११।१० गतेको रकम निकासा सम्वन्धको पत्र, साथै सर्पदंश उपचार केन्द्रको २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, संस्थाको करचुक्ता तथा प्रमाणपत्रहरु र कार्यसमितिको निर्णय बमोजिम यस हरिपुर नगरपालिकाको अनुदान वितरण सम्वन्धी मापदण्ड, २०८० अनुसार रकम रु. २०००००।०० नवलपुर सर्पदंश उपचार केन्द्र, लालबन्दी नगरपालिका-१, नवलपुर, सर्लाहीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा वडा नं. ५ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. ९६०, मिति २०८२।११।२६ गतेको पोल स्थानानतरनको रकम सम्वन्धको प्राप्त पत्रानुसार वडा नं. ५ लक्ष्मीपुर र मजुर्वा टोलको विद्युतिय संरचना स्थानानतर कार्यको लागि यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. २० मा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा विनियोजन भएको रकमबाट विद्युत पोलको स्थानानतरणको लागत अनुमान रकम रु. ११९२२०।५३ विनियोजन गरी पोल स्थानानतरन कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ७ मा राजको घर देखि मण्डप सम्म नाला निर्माण अघिल्लो आ.व. मा कार्य सम्पन्न भएको र सो नालामा बाटो पर्न गएको हुनाले आवत जावत गर्न कठिनाई भएकोले यस नगरपालिका कार्यालयबाट कालोपत्रे बाटो देखि अनिल चौधरीको घर सम्म नालामा ढकन निर्माण कार्य गर्न प्राविधिक लागत अनुमान अनुसार ३०८८०।२९ रकम यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. २९ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत खर्चको खर्च शिर्षक २२२३१ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट रु. ३०८८०।२९ रकम विनियोजन भएको र उक्त नालामा ढकंन कार्य सम्पन्न भएकोले कार्य सम्पन्न र मूल्याँकन अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ७ मा लक्ष्मीनाथ ट्रेनिंग सेन्टर र वडा कार्यालयको परिसरमा माटो व्यवस्थापन कार्य गर्न प्राविधिक लागत अनुमान अनुसार यस नगरपालिकाको १५

मिति २०८२।११।२७

औं नगरसभाको वडा नं. ७ को वडास्तरी चालुगत तर्फ पेज नं. ८५ को सि.नं. २१ मा वडा अतिथि सत्कार तथा अन्य विविध खर्चको खर्च शिर्षक २२७११ मा रकम रु. १२५०००।०० विनियोजन भएको रकमबाट उक्त कार्य सम्पन्न भएकोले कार्य सम्पन्न र मूल्यांकन अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा रहेको सि.सि. क्यामरा जडानको लागि निर्वाचन अधिकृतको कार्यालय, सर्लाही जिल्ला प्रतिनीधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ लालबन्दी, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. २४, मिति २०८२।११।०४ गतेको मतगणना स्थलमा सि.सि. क्यामरा जडान गरिदिने सम्वन्धको प्राप्त पत्रानुसार उक्त मतगणना स्थल तथा परिसरमा सि.सि. क्यामरा जडान गरिएकोले उक्त जडान कार्य गरे वापतको खर्च रकम रु. १८,५००।०० (भ्याट वाहेक) हरिपुर नगरपालिका चालुगत पेज नं. ५६ को सि.नं. १६१ मा विविध खर्चको खर्च शिर्षक २२७११ मा रकम रु. २००००००।०० विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत संचालित प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर कार्यरत देहायका स्वास्थ्य कर्मीहरुलाई खाईपाई आएको तलवको ३० प्रतिशत २०८२ चैत्र महिना देखि लागु हुने गरी सेवा सुविधा बृद्धि गर्ने निर्णय गरियो ।

देहाय

१. डा. राकेश ठाकुर-मेडिकल अधिकृत आठौं तह
२. डा. पंकज कुमार साह-मेडिकल अधिकृत आठौं तह

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत संचालित लक्ष्मीपुर स्वास्थ्य चौकी तथा बर्थिंग सेन्टरमा कार्यरत अ.न.मी. रितु लामा स्टाफ नर्समा नाम निकाली अन्त नै पदस्थापना भई गएकोले रिक्त अ.न.मी. पदमा हरिपुर नगरपालिका कार्यालयमा मिति २०८२।०८।१६ गतेको करार सेवामा पदपुर्ति गर्ने विज्ञापनको सूचना बमोजियम मिति २०८२।०९।१३ गते नतिजा प्रकाशन गरिएको सूचना विज्ञापन नं. ४/२०८२/०८३ को वैकल्पिक उम्मेदवार श्वेता सिंहलाई अ.न.मी. पदमा सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निबेदनको नाम | वाडं नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | गोमा न्यौपाने | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।१०।२१ | १००००।०० |

मिति २०८२/११/२७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | च.नं. ११७२ | |
| २ | सरोज कुमार राय | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।११।२६ च.नं. १३०७ | १००००।०० |
| ३ | सुकन कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।११।२६ च.नं. १३१० | १००००।०० |
| ४ | बृज लाल कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।११।२६ च.नं. १३०८ | १००००।०० |

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस नगरपालिकाको सम्पुर्ण ९ वटै वडाहरुमा गर्मीयाममा मच्छरको विगविगी भईरहेको हुँदा मच्छर मार्ने औषधी ९ वटै वडामा छर्ने कार्य गर्न यस हरिपुर नगरपालिका चालुगत पेज नं. ५४ को सि.नं. ११३ मा विपद व्यवस्थापन खर्चको खर्च शिर्षक २२५२९ मा रकम रु. ८५०००००।०० विनियोजन भएको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ५ को औषनवा बस्तीमा यस नगरपालिका क्षेत्रको झिम खोला पारी रहेको र सो बस्तीमा सामुदायिक विद्यालय नरहेकोले त्यहाँका बालकालिकाहरु विद्यालय जान खोला वारी आउनु पर्ने भएकोले गर्दा बर्षातको समयमा विद्यालय जानबाट बन्चित हुनुपर्ने अवस्थाले गर्दा वडा नं. ५ को वडा समिति तथा नगरिक समाजको मिति २०८२/०९/०३ र ०६ गतेको निर्णय तथा आधारभूत तह कक्षा १ देखि ५ सम्म विद्यालय खोल्नका निम्ति वडा नं. ५ को कार्यालयको च.नं. ५९२ मिति २०८२/०९/०६ गतेमा गरेको सिफारिसको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को(ढ) मा भएको व्यवस्था अनुरुप सोही बस्तीमा रहेको पूर्वमा भुनेश्वर मण्डलको जग्गा, पश्चिममा राम दहिन ठाकुरको जग्गा, उत्तरमा सडक र राम दहिन ठाकुर जग्गाको चार किल्ला भित्र रहेको न.८.च. कित्ता नं. ८८ कोऐलानी जग्गामा विद्यालय सञ्चालन गरी विद्यालयकै हकभोगको लागि दिने निर्णय गरियो ।

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका आधारभूत तहका विद्यालयहरुमा मिति २०८२/१२/०८ गतेदेखि सञ्चालन हुने शैक्षिक सत्र २०८२ को नगरस्तरीय आधारभूत तह (कक्षा ५ र ८) को अन्तिम परीक्षा सञ्चालनका लागि तयार भएको लागत अनुमान अनुसारको जम्मा रकम रु. ५,८९,८०३।६९ को परिधिभित्र रही परीक्षा सञ्चालन गर्दा नेपाल सरकारबाट शर्सत अनुदान र नगर अनुदानबाट विनियोजन भएको जम्मा रकम रु. ४,३५,४००।०० मात्र पुग्ने देखिएकोले बाँकी अपुग रकम यस नगरपालिकाको पन्ध्रौ नगरसभाद्वारा स्वीकृत नगर विकास योजनाको चालुगत खर्च शीर्षक नं.२२५२२ संघीय सरकार राजस्व बाँडफाँड अन्तर्गत रहेको कार्यक्रम खर्च शीर्षकमा विनियोजन भएको रकम रु. ७,००,०००।०० मध्येबाट रकम रु. १,५४,४०३।६९ नगर स्तरीय परीक्षा ( कक्षा ५ -८ ) व्यवस्थापनको लागि र यसै नगरपालिका अन्तर्गत रहेको बनलाई संरक्षण सम्वर्द्धनका लागि वन संरक्षण रेडियो नाटक कार्यक्रमका लागि रकम रु. ३,००,०००।०० छुटयाउने निर्णय गरियो ।

मिति २०८२।११।२७

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिकाले नगरभित्र सञ्चालन गर्दै आइरहेको सामाजिक सुरक्षाको कार्यक्रमलाई अझ प्रभावकारी बनाउन तयार गरेको सामाजिक सुरक्षा नीति, २०८२ लाई छलफल गरी अर्को बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस नगरपालिकामा बहुक्षेत्रिय पोषण योजना कार्यक्रम आ.व. २०८२।०८३ मा देहाय अनुसारको वार्षिक कार्य योजना बमोजिम संचालन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

# हरिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वार्षिक कार्ययोजना

आ.व. २०८२/०८३

कार्यक्रमको नामः बहुक्षेत्रीय पोषण योजना

| विषयगत क्षेत्र | | क्रियाकलाप | संख्या | कुल विनियोजित बजेट | विनियोजित बजेट | | | | वडा र बस्ती | लक्षित समुह जस्तै दलित जनजाती लोपोन्मुख वर्ग समेत खुलाइ उल्लेख गर्ने | अनुमानित लाभान्वित घरधुरी संख्या | कार्यान्वयन गरिने समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानिय तह | अन्य | | | | |
| स्वास्थ्य | १ | प्रोटकल अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलालाइ पोषण पोपिलो खेला खानकोलागी दोस्रो पटक, चौथो पटक, छैठौं पटक सम्म एक/एक हजार र आठौं पटक जाँच गराउदा दुइ हजार गरी पाँच हजारका दरले नगद अनुदान वितरण । | | ३५००००० | | | ३५००००० | | नगर भरी | सबै जातजातीका गर्भवती तथा सुतकेरी महिला | ७०० | श्रावण देखी असार मसान्त |
| | | सामुदायिक महिला स्वा. स्वयम सेविकाहरु लाई पोषण लेखाजोखा तथा वृद्धी अनुगमन र पोषण सम्वन्धी अभिमुखीकरण । | | १५०००० | १५०००० | | | | यस नगरपालिका अन्तर्गत रहेका सबै स्व. स्वयम सेविकाहरु | | ६० | जेठ |
| | ३ | पोषण कार्यक्रमको एकिकृत अनुगमन। | | २०००० | २०००० | | | | वडा नं. १-९ सम्मका | | | असार |
| शिक्षा | १ | सामुदायिक विद्यालयमा पोषण कक्षा संचालन। | | ० | ० | | | | | | | |
| | २ | सामुदायिक विद्यालयका दिवा खाजा कार्यक्रमका फोकल पर्सन तथा सहजकर्ता लाई पोपिलो खाजा बनाउन तथा पोषण सम्बन्धी अभिमुखिकरण । | १ | ८०००० | ८०००० | | | | वडा नं. १-९ सम्मका सामुदायिक विद्यालयका फोकल पर्सन तथा सहजकर्ता | | ३० | जेठ |
| महिला तथा बालबालिका | १ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान। | | ६२५००० | ६२५००० | | | | वडा नं ४ | दलित र विपन्न घरपरिवाका महिलाहरु | २५ | चैत्र |
| | २ | सुनौला हजार दिनका घरपरिवारका सासु बुहारी बीच पोषण तथा सामाजिक व्यवहार परिवर्तन सम्बन्धी अनुशिक्षण कार्यक्रम। | ९ | ३२४००० | ३२४००० | | | | सबै वडा | दलित र विपन्न घरपरिवाका महिलाहरु | २७० | वैशाख |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | आय आर्जनका लागी अनुदान प्राप्त गरेका महिला समुह लाइ व्यवसायिक सिप विकास तालिम। | ३ | १५०००० | १५०००० | | | वडा न.८,२ र ५ | दलित र विपन्न घरपरिवाका महिलाहरु | ७५ | वैशाख |
| खानेपानी तथा सरसफाई | २ | सुनौला हजार दिनका विपन्न तथा दलित घरपरिवार लाइ सुद्ध खानेपानी व्यवस्थापनको लागी फिल्टर वितरण | १५० | ४००००० | ४००००० | | | वडा न.४ र ५ | मुसहर,चमार,खत्वे, डुम तथा अन्य विपन्न समुदायका जातजातीहरु | १५० | वैशाख |
| | ३ | सम्बेदनशिल अवस्थामा साबुनपानीले हातधुने परिपाटीको विकास तथा सरसफाइ सम्बन्धी तालिम। | ३ | १५०००० | १५०००० | | | वडा नं ५ | सुनौला हजार दिनका विपन्न समुदायका दलित तथा अन्य | ९० | चैत्र |
| कृषि | १ | पोषणमैत्री वस्तीको लागि सुनौला हजार दिनका विपन्न घरधुरीका सदस्यलाई करेसाबारी र तरकारी खेति सम्कबन्धी तालिम तथा तरकारीको बीउ विजन वितरण कार्यक्रम। | ३ | १५०००० | १५०००० | | | वडा नं १ | सुनौला हजार दिनका विपन्न समुदायका महिलाहरु | ९० | चैत्र |
| पशु पन्छी विकास | १ | विपन्न तथा दलित घरपरिवारका सुनौला हजार दिनका महिला लाइ अण्डा वितरण | १०० | २२५००० | २२५००० | | | वडा नं ४,५ र ९ | मुसहर,चमार,खत्वे, डुम आदी | १०० | वैशाख |
| | २ | सुनौला हजार दिनका घरपरिवारका सदस्यलाइ पशुपालन तथा बाखा पालन सम्बन्धी तालिम तथा नमुना खोर निर्माण । | १ | ६५००० | ६५००० | | | वडा नं. ८ | दलित र विपन्न घरपरिवाका महिलाहरु | २५ | चैत्र |
| शासकीय प्रवन्ध | १ | पोषण सहजकर्ताको पारिश्रमिक। | | ४३७७२६ | ३३५००० | | १०२७२६ | | | | |
| | २ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीका सदस्यहरुलाइ पोषणमैत्री सम्बन्धी अभिमुखिकरण कार्यक्रम। | १ | ९०००० | ९०००० | | | | | | फाल्गुन |
| | | सरसफाई सम्बन्धी सडक नाटक । | १० | २००००० | २००००० | | | विपन्न तथा दलित समुदायमा | | | वैशाख |
| | ३ | पोषण सचेतना अभिवृद्धि गर्ने सूचनामुलक रेडियो कार्यक्रम प्रसारण। | | १००००० | १००००० | | | | | | फाल्गुन देखी |
| | ४ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सदस्यहरुलाइ पोषणमैत्री सम्बन्धी अभिमुखिकरण। | ९ | १०६००० | १०६००० | | | | ९० | | फाल्गुन |
| | ५ | स्थानिय तहको पोषण प्रोफाइल । | १ | ५०००० | ५०००० | | | | | | जेष्ठ मसान्त सम्म |
| | | पोषणमैत्री नमुना गाँउ कार्यक्रम | १ | ५५०००० | ५५०००० | | | | | | जेष्ठ मसान्त सम्म |
| | ७ | सामुदायिक विद्यालयहरु तथा स्वास्थय संस्थाहरुमा पोषण सचेतनामुलक भिता लेखन। | २५ | १५०००० | १५०००० | | | सवै वडा | | | चैत्र |
| | ९ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सदस्यहरुलाइ चौमसिक वैठक । | २ | ८०००० | ८०००० | | | | | | चैत्र |
| जम्मा | | जम्मा वजेट रकम | | ७६०२७२६ | ४०००००० | | ३६०२७२६ | | | | |